मुड्केचुला गाउँपालिका

# स्थानिय राजपत्र

**खण्डः २०७६** **संख्याः २६** **मिति :२०७६/१/२९**

**भाग-२**

## मुड्केचुला गाउँपालिका

**प्रमाणिकरण मिति :-२०७६/१/२९**

# मुड्केचला गाउँपालिका मेशिन(Excavator) सञ्चालन कार्यविधि,२०७६

# मुड्केचुला गाउँपालिका
## मेसिन (Excavator) सञ्चालन कार्यविधि, २०७६
## मुड्केचुला गाउँ कार्यपालिकाबाट स्वीकृत

**मिति : २०७६।०१।२४**

प्रस्तावना :

मुड्केचुला गाउँपालिका डोल्पा अति दुर्गम एवं सडक यातायातको पहूँच नभएको भइ यस गाउँपालिकामा सडक लगायत अन्य विकासका पूर्वाधार एवं संरचना निर्माण तथा मर्मत गर्नको लागि मेसिन (Excavator) अति आवश्यक भएकाले सो मेसिन खरिद गर्ने गाउँकार्यपालिकाले निर्णय गरेकाले सोको सुव्यवस्थित एवं नतिजामुखी ढंगबाट सञ्चालन, सदुपयोग गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (२) र (७) बमोजिम मुड्केचुला गाउँपालिका गाउँ कार्यपालिकाबाट मेसिन (Excavator) सञ्चालन कार्यविधि तयार गरी स्वीकृत गरिएको छ ।

### परिच्छेद -१
### प्रारम्भिक :-

१. संक्षिप्त नाम तथा प्रारम्भ : (१) यस कार्यविधिको नाम “मेसिन (Excavator) सञ्चालन कार्यविधि, २०७६” रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क. “गाउँपालिका” भन्नाले मुड्केचुला गाउँपालिका डोल्पा सम्झनु पर्छ ।

ख. “गाउँ कार्यपालिका” भन्नाले मुड्केचुला गाउँ कार्यपालिका डोल्पा सम्झनु पर्छ ।

ग. “वडा” भन्नाले मुड्केचुला गाउँपालिका डोल्पा अन्तर्गतका वडा नं १,२,३,४,५,६,७,८ र ९ लाई सम्झनु पर्छ ।

घ. “सेवाग्राही” भन्नाले मेसिन को सेवा शुल्क दस्तुर तिरी सेवा लिने व्यक्ति/समूह/उपभोक्ता समिति/जनसमुदाय/सरकारी कार्यालय/गैरसरकारी संघ संस्था समेतलाई सम्झनुपर्छ ।

ङ. “तोकिए बमोजिम” भन्नाले मुड्केचुला गाउँ कार्यपालिका डोल्पाले तोकिए बमोजिम सम्झनु पर्छ ।

च. “गाउँ कार्यपालिकाको कार्यालय” भन्नाले मुड्केचुला गाउँ कार्यपालिका डोल्पा सम्झनु पर्छ ।

## परिच्छेद - २

### ३. मेसिन चालक र सहयोगी कर्मचारीको व्यवस्था :

(१) मेसिन संचालन गर्नको लागी मेसिन चालक एक जना र सहयोगी कर्मचारी दुई जना गरी तिन जना नियुक्त गरिने छ ।

(२)उपदफा (१) बमोजिमको मेसिन चालक र मेसिन सहयोगीको नियुक्ति गाउँ कार्यपालिकाको् निर्णय बमोजिम हुने छ ।

(३) उपदफा (२) बमोजिम नियुक्त भएका चालक र सहयोगी कर्मचारीले पाउने तलव भत्ता गाउँपालिकाको आन्तरिक श्रोतबाट तोकिए बमोजिम उपलव्ध गराईने छ ।

## परिच्छेद -३

## मेसिन सञ्चालन प्रक्रिया

### ४. मेसिन सञ्चालन :-

(१) मेसिन **(Excavator)** को बिमा गरी सञ्चालन गरिने छ ।

(२) प्रस्तावनामा उल्लेख बमोजिमको मापदण्ड र कार्यविधिमा आधारित सेवाग्राहीले गाउँपालिकाको कार्यापालिकाको कार्यालयमा तोकिए बमोजिमको मेसिन भाडा रकम धरौटीमा राखी के कामको लागी मेसिन भाडामा लिनु परेको हो सो व्यहोरा खुलाई अनुसुची -१ बमोजिमको ढाचाँमा निवेदकले निवेदन पेश गर्नु पर्ने छ ।

(३) उपदफा(१)बमोजिम रितपुर्वकको निवेदन गाउँ कार्यपालिकाको कार्यालयमा पर्न आएकोमा सो निवेदन उपर जाचँबुझ गरी मेसिन भाडामा दिनु पर्ने देखिएमा गाउँ कार्य पालिकाको कार्यालयले निज निवेदलाई मेसिन भाडामा दिने छ ।

(४) उपदफा (२) बमोजिम मेसिन भाडामा दिदा मेसिन भाडामा लिएको ठाउँ,मिति ,समय र के काम प्रयोजनको लागी मेसिन भाडामा दिए लिएको हो उक्त काम सम्पन्न भएपछि उक्त मेसिन मुड्केचुला गाउँ कार्यपालिकाको कार्यालय ,डोल्पामा बुझाउने छौं/छु भन्ने व्यहोरा मेसिन भाडामा लिने सेवा ग्राहीलाई अनुसुची -२ बमोजिमको ढाचामा कागज गर्नु गराउनु पर्ने छ ।

(५) यस कार्यविधिमा अन्यत्र जे सुकै लेखिएको भएता पनि बाढी ,पहिरो ,भुकम्प आगजनी जस्ता प्राकृतिक प्रकोपबाट समेत प्रभावित पिडित व्यक्ति /समुदाय /समुह/संघ संस्था वा असहाय वा विपन्न व्यक्ति वा विपन्न वर्गलाई निशुल्क वा सहुलियत वा सशुल्क उक्त मेसिनबाट सेवा ग्राहीलाई सेवा दिन बाधा पर्ने छैन ।

द्रष्टव्य :-यस कार्यविधिमा अन्यत्र जे सुकै उल्लेख गरेको भएता पनि नेपालको संविधान ,२०७२,स्थानीय सरकार सञ्चालन ऐन २०७४,सर्वजानिक खरिद ऐन  नियामावली ,कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन नियामावली तथा प्रचलित ऐन नियामावलीमा उल्लेख भएकोमा सोही बमोजिम हुने छ ।

**<u>५.बाधा अडकाउ फुकाउने :-</u>**

(१) यस कार्यविधिमा कार्यान्वयनको क्रममा कुनै पनि वाधा अड्चन आईपरेमा सो फुकाउने अधिकार गाउँपालिकाको कार्यपालिकालाई हुने छ ।

(२) यस कार्यविधिलाई आवश्यकताअनुसार गाउँ कार्य पालिकाले संशोधन तथा परिमार्जन गर्न सक्ने छ ।

**अनुसुची-१**

**(दफा ४ को उपदफा (२) सँग सम्वन्धित )**

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
मुड्केचुला गाउँ कार्यपालिकाको कार्यालय ,डोल्पा ।

बिषय मेसिन भाडामा उपलव्ध गराई पाउँ ।

महोदय ,

उपयुक्त विषयको सम्वन्धमा हामी/म ...................................लाई ........................ठाउँमा सामुहिक /सरकारी सामुदायिक /निजी कामको लागी मिति ..........................देखी .............................................सम्म मेसिन भाडामा लिनु पर्ने भएकोले सो भाडावापत अग्रीम धरौटी रु ..........................(अक्षरेपी : .......................................)यसै साथ संलग्न राखी रु १० को टिकट टासँ गरी निवेदन पेश गरेको छौं/छु । उक्त मेसिन भाडामा लिएको समयाविधिभित्र सो मेसिन र सो मेसिनको चालक र सहयोगीलाई सुरक्षको व्यवस्था खर्च हामी /मैले आफै व्यार्होने छौं/छु । उक्त मेसिन भाडामा लिएको अवधिभित्र कोही कसैवाट तोडफोड भई सो मेसिनमा क्षति भएमा हामी /मैले  क्षति व्यार्होने  छौं/छु । सुरक्षा व्यवस्था हामी /म स्वयंले गर्ने गराउने छौं/छु । व्यहोरा साचो हो झट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउला ।

संलग्न कागजातहरु
(क)उपभोक्ता समितिको निर्णयको प्रतिलिपी
(ख)नेपाली नागरिकताको प्रतिलिपी
(ग) भाडामा लिनको लागी माग गरेको पत्र

निवेदक ,

नाम

पद

दस्तखत

कार्यालय/संघ संस्था :

छाप :

जिल्ला ..................गा.पा./न.पा. ...................वडा नं .................टोल बस्ने ................................को छोरा ........................वर्ष ......................को ...............................

## अनुसुची -२

### (दफा ४ को उपदफा (४) सँग सम्वन्धित )

लिखितम् जिल्ला .................. गा.पा./न.पा. वडा नं ...................... टोल बस्ने ....................को छोरा वर्ष ..................को ..................................................नाम .........................पद .................................... कार्यालय/संघ संस्था / समुह उपभोता समिति आगे मुड्केचुला गाउँ कार्यपालिकाको कार्यालयबाट हामी /मैलेले मिति......साल..........महिना...............गते ...........रोज ..................वजेवाट सो मेसिन ..........................कामको लागी भाडामा लिएको/लिएका हुदाँ उक्त मेसिनको चालक र सहयोगीलाई मेसिन भाडामा लिएको समयमा खाना र बासको व्यवस्था खर्च म / हामी आफैंले व्यहोर्ने छु/छौं । उक्त मेसिन मैले /हामीले भाडामा लिएको अवस्थामा सो मेसिन र उक्त मेसिनको चालक र सहयोगीको सुरक्षा प्रवन्ध तथा मेसिन भाडामा लिएका बखत उक्त मेसिनमा कोही कसैले तोडफोड गरी मेसिनमा क्षति भएमा म/हामी आफैले व्यहार्ने गर्ने कुरामा मन्जुर छु/छौं भनी यो कागज गरी दियौं/लियौं । यो कागज लेखेको ठाउँ मुड्केचुला गाउँ कार्यपालिकाको कार्यालय ,डोल्पामा हो ।

ईति .............सम्वत.................साल ....................महिना................गते..........................रोज....................शुभम ।

दायाँ बायाँ

**नाम**

**पद**

**दस्तखत**

**कार्यालय/संघ संस्था :**

**छाप :**

**आज्ञाले ,**
**मदन प्रसाद देवकोटा**
**नि.प्रमुख प्रशासकीय अधिकृत**